## Very Short Questions

1. Mention any four importance of financial risk management.
2. Write the meaning of credit risk management.
3. List out the importance of operational risk management.
4. What are the process of financial risk management.
5. Write the role of chief risk officer for managing financial risk.

## Short Questions

6. What is market risk¿ What are the types of market risk? Explain.
7. Define operational risk. What are the classification of operational risk¿ Explain.
8. Who is chief risk officer? What role should the chief risk officer play to manage risk?
9. Write the meaning of market risk management. Explain the methods of handling and control of financial risk management.
10. Define Strategic risk.
11. Define Project risk management. Explain the source of project risk management.

## Long Questions

12. Wrtie the meaning of Enterprize risk. What are the risk included in enterprise risk¿ Explain.
13. Write the meaning of operational risk management. Explain the steps of operational risk management.



# 3
# अध्याय

## सञ्चालन जोखिम व्यवस्थापन (Operational Risk Management (ORM))

### सञ्चालन जोखिम व्यवस्थापनको अर्थ (Meaning of Operational Risk Management)

संगठनको सञ्चालन प्रक्रियामा असफलता भएको कारणले गर्दा वा संगठनको प्रसिद्धि, कानुनी रूपले पालना गर्नु पर्ने सम्झौता र दाबीहरूलाई नकारात्मक ढंगले प्रभाव पर्ने प्रणालीहरूको कारणले गर्दा हुने जोखिम नै सञ्चालन जोखिम हो। त्यसैगरी अप्रर्याप्त वा असफल आन्तरिक प्रणाली, जनशक्ति र प्रणाली अथवा बाह्य घटनाहरूको कारणले गर्दा हुने अनपेक्षित, प्रत्यक्ष वा अप्रत्यक्ष नोक्सानीलाई सञ्चालन जोखिम भनिन्छ। सञ्चालन जोखिम सामान्यतया अपर्याप्त वा असफल आन्तरिक प्रक्रिया, मानिस र प्रणाली वा बाह्य घटनाहरूको कारणले गर्दा उत्पन्न हुने गर्दछ।

संगठनको उद्देश्य हासिल गर्न संगठनका नियमित कार्य सञ्चालन गर्ने क्रममा कार्यप्रक्रिया, कार्यविधि, अपर्याप्त आवश्यक सामग्री, आन्तरिक सञ्चालन प्रणाली, विधि मानवीय तत्त्व तथा अन्य बाह्य वातावरणबाट उत्पन्न हुने जोखिम तथा घायहरूलाई हटउने, घटउने तथा नियन्त्रण गर्नका लागि जोखिमको पहिचान गर्ने तिनीहरूको मूल्याङ्कन गर्ने, विभिन्न विकल्प सम्बन्धी निर्णय गर्ने र तिनीहरूको कार्यान्वयन गर्नुलाई Operational Risk Management भनिन्छ) सञ्चालन जोखिम व्यवस्थापन गर्नका लागि समान्यतया लागत भन्दा प्रतिफल धेरै भएमा मात्र जोखिमलाई स्वीकार गर्ने, अनावश्यक जोखिम नलिने, योजनावद्ध तरीकाबाट जोखिमको अनुमान तथा व्यवस्थापन गर्ने, सही समयमा उपयुक्त निर्णय लिने जस्ता तत्त्वहरूलाई ध्यान दिनुपर्छ आदि गरिन्छ।

संगठनको सञ्चालन जोखिम व्यवस्थापन विभाग सञ्चालन जोखिम व्यवस्थपन गर्नको लागि उपयुक्त नीति तथा कार्यविधि बनाउन उत्तरदायी हुन्छ। त्यसै गरी सञ्चालन जोखिम व्यवस्थापन विभाग संगठनको दैनिक क्रियाकलाप सञ्चालन गर्ने क्रममा हुने प्रणाली असफलताको कारणले गर्दा वा कामदारहरूले छलकपट गरेको कारण गर्दा उत्पन्न हुने सञ्चालन जोखिमहरूलाई व्यवस्थापन गर्न पनि उत्तरदायी हुन्छ।

## सञ्चालन जोखिमका स्रोतहरू र वर्गीकरण (Socurces & Classification of Operational Risk)

सामान्यतया सञ्चालन जोखिमका स्रोतहरू र वर्गीकरण निम्न प्रकारका छन:

**क) आन्तरिक जालसाजी (Internal Fraud)**

संगठनभित्र संगठनको उद्देश्य विपरित आन्तरिक कारणले विभिन्न किसिमका छलकपट हुने गर्दछन। संगठनमा संगठनको आन्तरिक कारणहरू जस्तै: जालसाजी गर्ने उद्देश्य, कर गैर अनुपालन (Tax non-compliance), सम्पत्तिहरूको दुरूपयोग, घुस (Bribe), पदको दुरूपयोग र चोरी आदिले सञ्चालन जोखिम उत्पन्न हुन्छ।

**Sources & Classification of Operational Risk**

- Internal Fraud
- External Fraud
- Employment Practices and workplace safety
- Clients, products and business practices
- Damage to physical assets
- Business disruption and system failures
- Failed execution, delivery and process management

**ख) बाह्य जालसाजी (External Fraud)**

बाह्य जालसाजी भन्नाले संगठनमा तेस्रो पक्षबाट हुने गतिविधिको कारणले गर्दा उत्पन्न हुने जोखिमलाई जनाउँदछ। चोरी, चेकको जालसाजी, सुरक्षा प्रणालीलाई तोडेर सूचनाको चोरी हुनु जस्तै : Hacking अथवा अनाधिकृत व्यक्तिले संगठनको सूचना प्राप्त गर्नु आदि संगठनले बारम्बार भोग्नु पर्ने बाह्य जालसाजीहरू हुन। बाह्य अपराध, संगठन आफूले गर्ने काम बाहिरी संगठनलाई दिएको कारणले गर्दा हुने जोखिम, बाहिरी संगठनले गर्ने काम संगठन आफैंले गर्दा हुने जोखिम, अन्य प्राकृतिक जोखिम तथा विपदको कारणले उत्पन्न हुने जोखिम, नियमनकारी निकायको कारण उत्पन्न हुने जोखिम, राजनैतिक जोखिम, प्रतिस्पर्धाको कारणले उत्पन्न हुने जोखिम आदि।



**ग) रोजगारीको अभ्यास र कार्य स्थलको सुरक्षा (Employment practices and workplace safety)**

संगठनले कामदारहरूको स्वास्थ्य र सुरक्षां सम्बन्धी कानुन र नियमहरूको अनुपालन नगरेको कारणले गर्दा संगठनमा उत्पन्न हुने गम्भीर सञ्चालन जोखिम हुन।

**घ) ग्राहक, वस्तु र व्यवसायको अभ्यास (Clients, products and business practices)**

संगठनहरूले ग्राहकहरू प्रति गरेको बाचा पूरा गर्न नसकेको कारणले गर्दा यस्तो लापरवाहीको अभ्यासको फलस्वरूप अनिच्छित परिवेश उत्पन्न हुन जान्छ। गोपनियता भंग गर्नु, गोप्य सूचनाहरूको दुरूपयोग गर्नु, बजार हेरफेर गर्नु, सम्पत्ति शुद्धिकरण, अनुमति प्राप्त नभएको क्रियाकलाप गर्नु, त्रुटिपूर्ण वस्तुहरू आदि संगठनले गर्ने गलत अभ्यासहरू हुन जसको कारणले संगठनले विभिन्न किसिमको मुद्दा मामिलाको सामना गर्नु पर्दछ। यस्तो अभ्यासको कारणले गर्दा संगठनलाई जोखिम उत्पन्न हुन जान्छ।

**ङ) भौतिक सम्पत्तिमा नोक्सानी (Damage to physical assets)**

संगठनको भौतिक सम्पत्तिहरूमा विभिन्न किसिमको प्राकृतिक विपद वा अन्य त्यस्तै प्रकारको घटनाहरू जस्तै आतंकवादीको हमला तथा बर्बरता (Vandalism) आदिको कारणले गर्दा नोक्सानी हुन जान्छ।

**च) व्यवसाय अवरूद्ध वा प्रणाली असफल (Business disruption and system failures)**

संगठनको आपूर्ति प्रणाली र व्यवसायको निरन्तरतामा आउने अवरूद्धता अहिले सम्पूर्ण व्यवसायको लागि ठुलो चुनौति भएको छ। त्यसैगरी संगठनको प्रणालीमा आउने असफलता, सञ्चारमा अवरूद्धता, विधुत आपूर्तिमा अवरूद्धता आदिको कारणले गर्दा व्यवसायको दैनिक क्रियाकलाप अवरूद्ध हुन जान्छ फलस्वरूप संगठनलाई नोक्सानी हुन जान्छ। यसरी संगठनको सम्पूर्ण प्रणाली विकास तथा लागु गर्ने क्रममा असफल हुनु, संगठनको सम्पूर्ण प्रणाली असफल हुनु, अपर्याप्त साधन स्रोत भएको कारणले सञ्चालन जोखिम उत्पन्न हुन जान्छ।

**छ) असफल कार्यान्वयन, सुपुर्दगी र प्रक्रिया व्यवस्थापन (Failed execution, delivery and process management)**

वस्तु तथा सेवाको सुपुर्दगीमा असफलता, कारोवार वा प्रक्रिया व्यवस्थापनमा कमजोरीको कारणले गर्दा संगठनमा सञ्चालन जोखिम उत्पन्न भई हानि नोक्सानी हुने सम्भावना सधैं रहेको हुन्छ।

## सञ्चालन जोखिम व्यवस्थापनको उद्देश्यहरू (Objectives of Operational Risk Management)

अपर्याप्त वा असफल आन्तरिक प्रक्रिया, मानिस र प्रणाली वा बाह्य घटनाहरूको कारणले गर्दा उत्पन्न हुने जोखिमहरूको असरलाई कम गर्नुलाई सञ्चालन जोखिम व्यवस्थापन भनिन्छ यसको मूख्य उदेश्य संगठनको सञ्चालन जोखिमहरूलाई पहिचान गर्नु, मुल्यांकन गर्नु, अनुगमन गर्नु र प्रतिवेदन तयार पारी कार्यान्वयन अथवा लागु गर्नु हो। यसका अन्य उद्देश्यहरू निम्नानुसार छन् :

क) विपत्तिजनक हानि नोक्सानीहरूलाई हटाउनु (Avoidance of catastrophic losses)

ख) संगठनात्मक तहमा सञ्चालन जोखिमको बुझाईलाई बढाउनु (Promote organizational understanding of operational risk),

ग) जोखिमलाई प्रभावकारी ढंगले विचार गर्नु (Anticipate risks more effectively)

घ) कार्य सम्पादनलाई वस्तुगत तरीकाले मापन गर्नु (Objectively measure performance)

ङ) कामदारहरूको व्यवहार र संस्कृतिमा परिवर्तन गर्नु (Change the culture and behaviors of employee)

च) वस्तु तथा सेवाहरूलाई आधुनिकीकरण गर्नु (Streamline products and services)

# वित्तीय जोखिम व्यवस्थापन (Financial Risk Management)

## वित्तीय जोखिम व्यवस्थापनको परिचय (Definition of Financial Risk Management)

वित्तीय बजारमा हुने अनिश्चितताको परिणामको कारणले गर्दा उत्पन्न हुने जोखिमलाई व्यवस्थापन गर्ने प्रक्रियालाई वित्तीय जोखिम व्यवस्थापन भनिन्छ। Financial risk management is a process to deal with the uncertainties resulting from financial markets. वित्तीय जोखिम व्यवस्थापनले संगठनले सामना गर्ने वित्तीय जोखिमको पहिचान गर्ने र उक्त जोखिमहरूलाई व्यवस्थापन गर्न संगठनको आन्तरिक प्राथमिकताहरू तथा नीतिहरूको विकास रणनीति लिएको हुन्छ। वित्तीय जोखिमलाई सक्रियताका साथ सम्बोधन गरेमा संगठनले प्रतिस्पर्धामा सफलता हासिल गर्ने फाइदा प्राप्त गर्न सक्दछ। साथै यसले व्यवस्थापन, सञ्चालन कर्मचारी, सरोकारवालाहरू, र सञ्चालक



समितिहरू जोखिमको मूख्य सवालहरू समाधान गर्न सक्रियताका साथ लागेको कुराको सुनिश्चिता प्रदान गर्दछ।

संगठनले विभिन्न किसिमको रणनीतिहरू र वस्तुहरू प्रयोग गरेर वित्तीय जोखिम व्यवस्थापन गर्न सक्दछ। वित्तीय जोखिम व्यवस्थापन गर्दा यी विभिन्न किसिमका वस्तुहरू तथा रणनीतिहरू संगठनको सर्न्दभमा जोखिम नियन्त्रण गर्न कत्तिको महत्त्वपूर्ण हुन्छ बुझ्नुपर्दछ।

सामान्यतया वित्तीय जोखिम व्यवस्थापन गर्न व्युत्पत्तिहरू (Derivatives) वित्तीय संस्थाहरूमा व्यापक रूपमा प्रयोग गरिन्छ। व्युत्पत्ति सम्झौताहरू जस्तै Futures, Forwards, Options, र Swaps आदिको मूल्य ति सम्झौतासँग जोडिएको सम्पत्तिहरूको मूल्यको आधारमा निर्धारण हुन्छ।

The value of derivatives contracts, such as futures, forwards, options, and swaps, is derived from the price of the underlying asset. व्युत्पत्तिहरूले व्याज दर, विनिमय दर, वस्तुहरू, शेयरहरू र स्थिर आम्दानी हुने प्रतिभूतिहरू आदिको कारोवार गर्दछन्।

## वित्तीय जोखिम व्यवस्थापन प्रक्रिया (Financial Risk Management Process)

वित्तीय जोखिम व्यवस्थापन एउटा निरन्तर चलिरहने प्रक्रिया हो। वित्तीय बजारमा आउने परिवर्तन र आवश्यकता अनुसार व्यवसाय सञ्चालन हुनको लागि संशोधित रणनीतिहरू बनाई लागु गर्नु पर्दछ।

यसरी संशोधित रणनीतिहरूले परिवर्तित व्यवावसायिक वातावरण तथा परिवर्तित राजनीतिक अवस्था व्यवसाय सफलता पूर्वक सञ्चालन गरी सफलता प्राप्त गर्न मद्दत गर्दछ। वित्तीय बजारमा हुने अनिश्चितताबाट जोगाएर व्यवसाय सञ्चालन गर्नको लागि सामान्यतया निम्नानुसारको वित्तीय जोखिम व्यवस्थापन प्रक्रियाहरू पुरा गर्नु पर्दछ।

क) वित्तिय जोखिमहरू पहिचान गर्ने र प्रमुख वित्तीय जोखिमहरूको प्राथमिकता क्रम निर्धारण गर्ने (Identify and prioritize key financial risks)

ख) जोखिम वहनको उपयुक्त तह निर्धारण गर्ने (Determine an appropriate level of risk tolerance)

ग) संगठनको नीति अनुसार जोखिम व्यवस्थापन रणनीति लागु गर्ने (Implement risk management strategy in accordance with policy)

घ) आवश्यकता अनुसार रणनीति परिष्कृत गर्ने, मापन गर्ने, अनुगमन गर्ने र पेश गर्ने (Measure, report, monitor, and refine as needed)

## वित्तीय जोखिमको स्रोतहरू (Source of Financial Risk)

**क) बजार मूल्यमा परिवर्तन (Changes in market prices)**

बजारमा आएको विभिन्न किसिमका मूल्यमा आएको परिवर्तन जस्तै व्याजदरमा भएको परिवर्तन, विनिमय दरमा आएको परिवर्तन, र वस्तुको मूल्यमा आएको परिवर्तनको कारणले गर्दा संगठनमा वित्तीय जोखिम उत्पन्न हुन्छ।

> **Source of Financial Risk**
> - Changes in market prices
> - Transactions with other organizations
> - Failures of the organization

**ख) अन्य संगठनसंग कारोवार (Transactions with other organizations)**

संगठनले अन्य संगठनहरू सँग कारोवारहरू जस्तै बिक्रेताहरू, उपभोक्ताहरू आदिसँग व्युत्पत्ति सम्बन्धी कारोवार गर्दा पनि संगठनमा वित्तीय जोखिम उत्पन्न हुन्छ।

**ग) संगठनको असफलता (Failures of the organization)**

संगठनको आन्तरिक क्रियाकलापहरू अथवा संगठनमा संलग्न भएका मानिसहरू, प्रक्रियाहरू, र प्रणालीहरूको कारणले गर्दा संगठनको असफलता भएमा पनि पनि संगठनमा वित्तीय जोखिम उत्पन्न हुन्छ।

## वित्तीय जोखिम व्यवस्थापनको महत्व (Importance of Financial Risk Management)

वित्तीय जोखिम व्यवस्थापन कुनै पनि व्यवसायिक संगठनको सफलताको लागि अपरिहार्य तत्व हो । वित्तीय जोखिम व्यवस्थापनअन्तर्गत वित्तीय बजारमा भएको अनिश्चितताबाट उत्पन्न हुने जोखिमहरूबाट बच्नको लागि नयाँ रणनीति सृजना गर्न विशेषज्ञता प्राप्त गरेको कर्मचारीहरूले मार्गदर्शन दिने गर्दछन् जसको कारणले संगठनले जोखिमको असरहरूलाई कम गर्न सक्दछ । त्यसकारण कुनै पनि संगठनले वित्तीय बजारमा हुने अनिश्चितताबाट बच्नका लागि वित्तीय जोखिम व्यवस्थापन गर्नु पर्दछ । वित्तीय जोखिम व्यवस्थापनको महत्व निम्नानुसार उल्लेख गर्न सकिन्छ :

> **Importance of Financial Risk Management**
> - Reduce the effect of Risk
> - Maximizing Opportunity
> - Ensuring ...



**क) जोखिमको असरलाई कम गर्ने (Reduce the effect of Risk)**

व्यवसायले सफलता प्राप्त गर्नको लागि विभिन्न किसिमका कार्यहरू सफलतापूर्वक सञ्चालन गर्न वित्तीय व्यवसायिक योजना निर्माण गरिएको हुन्छ। वित्तीय बजारमा भएको अनिश्चितताको कारणले गर्दा व्यवसायले राम्रो योजना बनाउन सकेन भने लगानी सम्बन्धी निर्णयहरू गलत हुन सक्दछ, अथवा लागत प्रभावकारी नहुने परियोजनाको छनौट हुन सक्दछ अथवा परियोजनाको सम्पन्न गर्नको लागि अत्याधिक सामाग्रीहरू र जनशक्ति लाग्न सक्दछ। त्यसकारण संगठनले परियोजनाको छनोट गर्दा उपयुक्त परियोजनाको छनोट गर्नुपर्दछ। वित्तीय जोखिम व्यवस्थापन गरेर बजारमा भएको अनिश्चिताको कारणले गर्दा व्यवसायमा उत्पन्न हुने जोखिमलाई पूर्णतया निर्मूल पार्न नसके पनि यसको असरलाई भने उचित तरीकाले जोखिम व्यवस्थापन गरेर एउटा तहसम्म कम गर्न सकिन्छ।

**ख) अवसरहरूलाई वृद्धि गर्ने (Maximizing Opportunity)**

वित्तीय जोखिम व्यवस्थापनले व्यवसायमा आउन सक्ने जोखिमको मात्र विचार नगरेर व्यवसायले प्राप्त गर्न सक्ने अवसरहरूको बारेमा पनि जानकारी दिन्छ। यसले गर्दा व्यवसायले राम्रो लगानीको परिवेशहरूको बारेमा जानकारी प्राप्त गरी उक्त अवसरहरूलाई सदुपयोग गरेर त्यसबाट फाइदा प्राप्त गर्न सक्दछ। यसरी वित्तीय जोखिम व्यवस्थापनको कारणले गर्दा लगानीको अवसरहरूमा वृद्धि हुन गई त्यसको फाइदा संगठनको कर्मचारीहरू, शेयरहोल्डरहरू तथा सरोकारवालाहरू सबैले प्राप्त गर्दछन्।

**ग) व्यवसायको वृद्धिलाई सुनिश्चितता प्रदान गर्ने (Ensuring Business Growth)**

वित्तीय जोखिम व्यवस्थापनको अर्को महत्व व्यवसायको वृद्धिलाई सुनिश्चित प्रदान गर्ने रहेकोछ। प्रतिस्पर्धामा सफलता प्राप्त गरेमा मात्र कुनै पनि व्यवसायले सफलता हासिल गरी आफ्नो व्यवसायलाई विकास र विस्तार गर्न सक्दछ अर्थात व्यवसायको वृद्धि हासिल गर्न सक्दछ। यसरी सफलता प्राप्त गर्न वित्तीय जोखिम व्यवस्थापन अपरिहार्य हुन्छ । बजारमा विभिन्न तत्वहरूमा आएको परिवर्तनको कारणले व्यवसायमा उत्पन्न हुने जोखिमलाई पहिचान गरेर प्रतिस्पर्धामा सफलता हासिल गरी व्यवसायको वृद्धिलाई सुनिश्चतता प्रदान गर्ने भएकोले वित्तीय जोखिम व्यवस्थापनको महत्व रहेको छ।

## वित्तीय जोखिम व्यवस्थापनको औजारहरू (Tools for Financial Risk Management)

वित्तीय जोखिम व्यवस्थापनको औजारहरू निम्नानुसार छन् :

### व्युत्पत्तिहरू *(Derivatives)*

प्राथमिक सम्पत्तिहरू वास्तविक सम्पत्तिहरू र वित्तीय सम्पत्तिहरू गरी दुई प्रकारका हुन्छन्। वास्तविक सम्पत्तिहरूमा सुन, तेल, धातुहरू, जग्गा जमिन, मेसिन औजार आदि पर्दछन भने वित्तीय सम्पत्तिहरूमा विलहरू, वोण्डहरू, शेयरहरू आदि पर्दछन। वित्तीय बजारले ट्रेजरी विलहरू, वोण्डहरू, शेयरहरू आदिको कारोवार गर्दछ। प्राथमिक सम्पत्तिहरूको मालिकलाइं उक्त सम्पत्तिहरूले प्रदान गरेको फाईदाहरूमा प्रत्यक्ष दाबी हुन्छ। वित्तीय बजारमा वित्तीय सम्पत्तिहरू र व्युत्पत्ति सम्पत्तिहरू सबैको कारोवार हुने गर्दछ। व्युत्पत्ति सम्पत्तिहरू भन्नाले त्यस्तो सम्पत्तिलाई जनाउँदछ जसको मूल्य अन्य वास्तविक सम्पत्तिहरू वा वित्तीय सम्पत्तिहरूमा भर पर्दछ अर्थात वास्तविक सम्पत्ति वा वित्तीय सम्पत्तिहरूले मूल्य निर्धारण गर्ने सम्पत्तिहरू नै व्युत्पत्ति सम्पत्तिहरू हुन। अर्थात व्युत्पत्ति भन्नाले विभिन्न प्रकारको सम्झौता लाई जनाउँदछ जसको मूल्य सम्झौतामा उल्लेखित सर्तहरू र अन्य सम्पत्तिको बजार मूल्य आदिबाट निर्भर हुन्छ।

Forwards, Futures, Swaps र Options आदि व्युत्पत्ति सम्पत्तिका उदाहरणहरू हुन। यी सबै सम्पत्तिहरूको मूल्य वास्तविक सम्पत्तिहरू वा वित्तीय सम्पत्तिहरू, र अन्य सूचकहरूमा निर्भर रहन्छ। व्युत्पत्ति सम्पत्तिहरू निम्न प्रकारका छन्:

क) अग्रगामी करारहरू (Forward Contracts)

ख) भावी करारहरू (Futures Contracts)

ग) अप्सनहरू (Options)

घ) स्वापहरू (Swaps)

## अग्रगामी करार (Forward Contract)

अग्रगामी करार भनेको दुई पक्ष बीच भएको सम्झौता हो जसअन्तर्गत एउटा पक्ष भविष्यको निश्चित मिति र मूल्यमा कुनै सम्पत्ति खरिद गर्न र अर्को पक्ष त्यस्तो सम्पत्ति विक्री गर्न सहमत हुन्छ। A forward contract obliges its purchaser to buy a given amount of a specified asset at some stated time in the future at the forward price. अर्को शब्दमा अग्रगामी करार भनेको भविष्यमा वास्तविक सम्पत्ति तथा वित्तीय सम्पत्तिहरू खरिद बिक्री गर्नको लागि वर्तमानमा गरिने सम्झौता हो। अग्रगामी



करारमा सम्पत्तिको खरीद विक्री र मूल्य भुक्तानी भविष्यमा मात्र हुन्छ। कुनै पनि सम्पत्तिको मूल्य भविष्यमा घटबढ हुने भएको कारणले गर्दा उक्त सम्पत्तिमा सधै जोखिम रहेको हुन्छ। यसरी सम्पत्तिको मूल्य भविष्यमा घटवढ भएको कारणले उत्पन्न हुने जोखिमलाई कम गर्नको लागि वर्तमानमा भविष्यमा कारोवार गर्नको लागि क्रेता र विक्रेताको विचमा सम्झौता गरिन्छ।

विक्रेतालाई भविष्यमा आफ्नो वस्तुको मूल्य घटेको कारणले गर्दा नोक्सान हुने जोखिम हुने बारेमा चिन्ता हुन्छ भने क्रेतालाई भविष्यमा खरीद गर्ने वस्तुको मूल्य बढेर नोक्सानी हुने डर हुन्छ यस्तो अवस्थाबाट दुबै पक्षले भविष्यमा वस्तुको मूल्यमा आएको परिवर्तनको कारणले गर्दा हुने जोखिमबाट बच्नको लागि अग्रगामी करार गर्दछन। उदाहरणको लागि हाल तोरीको मूल्य प्रति क्विन्टल रू. ६,००० छ तर पाँच महिनापछि उक्त मूल्य घट्न वा वढन सक्छ। यहा तोरी विक्रेताको जोखिम भनेको पाँच महिनापछि उक्त तोरीको मूल्य घटेर वहन गर्नुपर्ने जोखिम हो भने खरीदकर्ताको जोखिम भनेको पाँच महिनापछि एक क्विन्टल तोरीको मूल्य ६,००० भन्दा बढी भुक्तानी गनुपर्ने सम्भावना हो। यस अवस्थामा अग्रगामी करार गरेर पाँच महिनापछि उक्त तोरी खरिद प्रति क्विन्टल ६,००० को दरले निश्चित परिणाम विक्रेताले विक्री गर्ने र खरीदकर्ताले खरीद गर्ने गरी वर्तमानमा गरेको सम्झौता हो। यस किसिमको सम्झौता Stock exchanges मा कारोवार हुँदैन। यसको कारोवार Over-the-counter (OTC) बजारमा हुन्छ। सामान्यतया यस्तो सम्झौता दुई पक्षको बीचमा व्यक्तिगत रूपले हुन्छ जुन तरल हुँदैन।

## भावी करार (Fututre Contract)

भावी करार कुनै निश्चित वस्तु वा सम्पत्ति पूर्व निर्धारित मूल्यमा भविष्यमा तोकिएको समयमा खरिद बिक्री गर्नको लागि गरिएको कानुनी सम्झौता हो। A futures contract is a legal agreement to buy or sell a particular commodity or asset at a predetermined price at a specified time in the future. भावी करारमा कारोवारहरूलाई भावी बजारमा (Futures exchange) सहज तरीकाले गर्नको लागि गुण (Quality) र परिणाम (Quantity) लाई स्तरिकृत (Sandardized) गरिएको हुन्छ। भावी करारको खरीदकर्ताले भावी करारको सम्झौताको मिति समाप्त भएपछि उल्लेखित सम्पत्ति खरिद गर्ने दायित्त्व हुन्छ भने भावी करारको बिक्रेताको दायित्त्व भावी करारको सम्झौताको मिति समाप्त भएपछि उल्लेखित सम्पत्ति विक्री गर्ने हुन्छ।

यस किसिमको सम्झौता Organized stock future exchanges मा कारोवार हुन्छ। यस किसिमको करार रकम र समावेश भएको सम्पत्ति र मितिको हकमा उच्च तरीकाले स्तरिकृत गरिएको हुन्छ।

अग्रगामी करार र भावी करारको बीचमा निम्नानुसारका फरक छन् :

| क्र. सं. | अग्रगामी करार | भावी करार |
|---|---|---|
| १. | वर्तमानमा भविष्यमा कारोवार गर्नको लागि क्रेता र विक्रेताको विचमा गरिएका व्यक्तिगत सम्झौता हो। | भावी करार कुनै निश्चित वस्तु वा सम्पत्ति पूर्व निर्धारित मूल्यमा भविष्यमा तोकिएको समयमा खरिद विक्री गर्नको लागि गरिएको कानुनी सम्झौता हो। |
| २. | यस किसिमको सम्झौता Stock exchanges मा कारोवार हुँदैन। यसको कारोवार Over-the-counter (OTC) बजारमा हुन्छ। | यस किसिमको सम्झौता Organized stock future exchanges मा कारोवार हुन्छ। |
| ३. | यस किसिमको करार रकम र समावेश भएको सम्पत्ति, र मितिको हकमा उच्च तरीकाले स्तरिकृत (Sandardized) गरिएको हुँदैन। | यस किसिमको करार रकम र समावेश भएको सम्पत्ति, र मितिको हकमा उच्च तरीकाले स्तरिकृत (Sandardized) गरिएको हुन्छ। |

## अप्सन्स (Option)

एक प्रकारको व्युत्पत्ति प्रतिभूति जसमा धारक (Holder) लाई तोकिएको सम्पत्ति तोकिएको समय भित्र, तोकिएको संख्यामा खरिद वा विक्री गर्ने अधिकार प्रदान गरेको हुन्छ तर दायित्व हुँदैन भने त्यस प्रकारको करारलाई Option भनिन्छ। An option is a derivative security that gives the buyer (holder) the right, but not the obligation, to buy or sell a specified quantity of a specified asset within a specified time period. उदाहरणको लागि कुनै कम्पनीको शेयरको मूल्य हाल बजारमा बढ्दै गएको छ र अहिले उक्त कम्पनीको प्रति शेयरको मूल्य रू. ५४० छ र भविष्यमा उक्त कम्पनीको शेयरको मूल्य अफ बढ्ने सम्भावना छ। तर कुनै व्यक्तिले उक्त कम्पनीको शेयर तिन महिनाभित्र रू. ५२० मा बिक्री गर्ने सम्फौता गर्दछ भने उक्त सम्भौतालाई Option भनिन्छ। यसरी उक्त सम्फौता खरिद गर्ने व्यक्तिलाई धारक (Holder) भनिन्छ। उक्त सम्फौता प्रयोग गरेर धारक (Holder) ले तिन महिना भित्र उक्त कम्पनीको शेयर खरिद गर्न सक्दछ र शेयर खरिद गर्न नचाहेमा Option लाई नै बिक्री गर्न पनि सक्दछ। परिपक्व अवधिमा उक्त



Option लाई बिक्री गर्न चाहेमा शेयरको मूल्य र सम्भौताको मूल्यमा भएको फरक अर्थात माथिको उदाहरण अनुसार रू. २० लाई Option को सैद्धान्तिक मूल्य भनिन्छ। Option को सैद्धान्तिक मूल्यको आधारमा नै बजारमा Option खरिद बिक्री हुन्छ।

यसरी Option ले धारकलाई तोकिएको सम्पत्ति तोकिएको समयमा खरिद वा बिक्री गर्ने अधिकार प्रदान गरेको हुन्छ। यदि कुनै Option मा धारकलाई तोकिएको सम्पत्ति तोकिएको समयमा खरिद गर्ने मात्र अधिकार प्रदान गरेको छ भने त्यसलाई Call Option भनिन्छ Call options are contracts that give the owner the right to buy the underlying asset in the future at an agreed price र कुनै Option मा धारकलाई तोकिएको सम्पत्ति तोकिएको समयमा बिक्री गर्न सक्ने मात्र अधिकार प्रदान गरेको छ भने त्यसलाई Put Option भनिन्छ Put options are contracts that give the owner the right to sell the underlying asset in the future at an agreed price।

त्यसैगरी सम्फौतामा उल्लेख गरिएको परिपक्व अवधिभित्र जुनसुकै समयमा पनि प्रयोग गर्न सकिने Option लाई American Option भनिन्छ American options ate the contracts that gives the owner the right to exercise at any time prior to the expiration date भने सम्भौतामा उल्लेख गरिएको परिपक्व अवधि समाप्त हुने समयमा मात्र प्रयोग गर्न सकिने Option लाई European Option भनिन्छ European options ate the contracts that gives the owner the right to exercise at the expiration date only.

## साटफेर (Swap)

दुई पक्षहरूको बिचमा निश्चितको अन्तरालमा निर्धारित नगदप्रवाह विनिमय गर्ने सम्फौलाई Swaps भनिन्छ। A swap is an agreement between two parties to exchange sequences of cash flows for a set period of time. समान्यतया सबै संगठनको नगद प्रवाह सधैं एकै प्रकारको हुँदैन। सामान्यतया साटफेर ब्यजदर साटफेर र मुद्रा साटफेर गरी दुई प्रकारको हुन्छ।

### क) ब्याजदर साटफेर (Interest Rate Swap)

कम्पनीले जारी गरेको ऋणपत्रमा लागु हुने ब्याजदर विभिन्न प्रकारको हुन सक्दछ। कुनै कम्पनीले ऋणपत्रको अवधिभर एउटा ब्याजदर लागु हुने गरी ब्याजदर निश्चित (Fixed interest) गरेका हुन्छन् भने कुनै कम्पनीले बजारमा विद्यमान ब्याज अनुसार लागु हुने गरी परिवर्तनशील ब्याज दर (Floating interest rate) मा ऋणपत्र गरी रहेका हुन्छन्। स्थिर ब्याजदरमा ऋणपत्र जारी गर्ने कम्पनीलाई भविष्यमा बजारमा

ब्याजदरमा घट्ने सम्भावना देखेमा ती ऋणपत्रहरूको सट्टामा परिवर्तनशील ब्याजदर हुने ऋणपत्र जारी गरी आफ्नो बाह्य नगद प्रवाह कम गर्ने सोचाई हुन सक्दछ।

अर्कोतर्फ परिवर्तनशील ब्याजदर लागु हुने गरी ऋणपत्र जारी गर्ने कम्पनीलाई भविष्यमा बजारमा ब्याजदर बढ्छ कि भन्ने डरले स्थिर ब्याजदरमा ऋणपत्र जारी गरी पुराना ऋणपत्र हटाउन इच्छा भएको हुन सक्छ। यदि यी दुवै विपरीत आर्थिक आवश्यकता भएका कम्पनी आपसमा ऋणपत्रको साटसाट गर्ने सम्झौता गर्दछन् भने ब्याजदरमा भएको विपरीत अवस्था दुवै पक्षले उपयोग गरी आफ्नो स्वार्थ पूरा गर्न सक्दछन् जसमा अतिरिक्त खर्च पनि लाग्दैन। यसको तात्पर्य विपरित प्रकृतिको ब्याजदर भुक्तानी गर्नुपर्ने पक्षहरूका बीचमा ऋणपत्र साटफेर गर्ने सम्झौतालाई Interest Rate Swap भनिन्छ।

**ख) मुद्रा साटफेर (Currency Swap)**

बैदेशिक व्यापार, विदेश भ्रमण र विदेशमा अध्ययन गर्ने व्यक्तिहरूलाई पटक पटक विदेशी मुद्राको आवश्यकता पर्दछ। अन्य देशको मुद्रा प्राप्त गर्नु पर्दा सट्ही सट्टा वा कमिसन तिर्नु पर्ने र विनिमय दरमा हुने परिवर्तनले विदेशी मुद्रा चाहने पक्षलाई झनझन अतिरिक्त खर्च र जोखिम सिर्जना गर्दछ। त्यसैले मुद्रा साटफेर भन्नाले दुई विपरित लेनदेन गर्ने करार वा सहमतिलाई Currency Swap भनिन्छ। जस्तै अमेरिकाबाट सामान आयात गरी व्यापार गर्ने, नेपाली व्यापारीलाई अमेरिकी व्यापारीलाई भुक्तानी गर्ने अमेरिकी डलर आवश्यक पर्दछ। त्यस्तै नेपालमा कुनै व्यवसाय वा कारोवार गर्ने अमेरिकीलाई नेपाली मुद्रा आवश्यक परेको हुन्छ। यदि यी दुई पक्ष आपसमा भेट भई मुद्रा साटफेर गर्ने सम्झौता गर्दछन् भने त्यसलाई Currency Swap भनिन्छ।

## प्रमुख जोखिम अधिकृतको भूमिका (Role of Chief Risk Officer)

प्रमुख जोखिम अधिकृत संस्थागत कार्यकारी हो।जसले संस्थाको पूँजीमा र आम्दानीमा हुने महत्त्वपूर्ण प्रतिस्पर्धी, नियमनकारी र प्राविधिक चुनौतिहरूलाई पहिचान गर्ने र हटाउने कार्य गर्दछ। मूख्य जोखिम अधिकृतलाई कहिलेकाही मूख्य जोखिम व्यवस्थापन अधिकृत वा जोखिम व्यवस्थापन अधिकृत मात्र पनि भनिन्छ।

The chief risk officer (CRO) is the corporate executive tasked with assessing and mitigating significant competitive, regulatory and technological threats to an enterprise's capital and earnings. The



position is sometimes called chief risk management officer or simply risk management officer.

संगठनहरू लामो समयदेखि व्यवसायिक जोखिम, जसले संगठनको उत्पादकत्व र नाफा कमाउने क्षमतामा चुनौति दिएको हुन्छ,त्यस प्रकारको जोखिमसँग सम्बन्धित रहेको हुन्छ। यस्तो अवस्थामा प्रमुख जोखिम अधिकृतले उद्यम जोखिम व्यवस्थापन गरेर सम्पूर्ण जोखिमहरूलाई प्रभावकारी ढंगले व्यवस्थापन गर्ने काम गर्दछ।

प्रमुख जोखिम अधिकृतको भूमिका तथा उतरदायित्त्व संगठनको आकार र प्रकृतिको आधारमा भर पर्दछ। सामान्यतया प्रमुख जोखिम अधिकृतको भूमिका संगठनको भविष्यमा आउन सक्ने जोखिमको पहिचान गर्ने र उक्त जोखिमहरूलाई निराकरण गर्नको लागि विभिन्न किसिमका जोखिमको व्यवस्थापन गतिविधिहरू सञ्चालन गर्ने रहेको हुन्छ। सामान्यतया प्रमुख जोखिम अधिकृतको भूमिका निम्नानुसार रहेको हुन्छ :

**१. संगठनको सूचना सुरक्षित राख्ने (Protect organization's information)**

वर्तमान समयमा संगठनमा सूचना प्रविधिको प्रयोग अपरिहार्य भएको छ। भने अर्को ह्याकरहरूले संगठनको सूचना लिने जोखिम पनि त्यतिकै बढेको छ,जसले गर्दा प्रमुख जोखिम अधिकृतको भूमिका संगठनको सूचनालाई गोप्य राख्नु तथा ह्याकरहरूबाट जोगाउन महत्त्वपूर्ण रहेको छ। प्रमुख जोखिम अधिकृतले संगठनको सूचनालाई गोप्य राख्नको लागि सूचना सुरक्षा रणनीति अपनाउनु पर्दछ

**२. रणनीतिक कार्ययोजना बनाउने (Prepare strategic action plan)**

प्रमुख जोखिम अधिकृतले कम्पनीको प्राथमिक चुनौतिहरूलाई निराकरण गर्न र उक्त चुनौतिहरू निराकरण गर्न गरिएको प्रगतिको अनुगमन गर्न रणनीतिक कार्ययोजना बनाउनु पर्दछ।

**३. प्रगति विवरण विकास गर्ने र प्रकाशित गर्ने (Develop and disseminate and progress reports)**

प्रमुख जोखिम अधिकृतले जोखिम विश्लेषणको प्रगति विवरण कम्पनीको कार्यकारीहरू, सञ्चालक समिति सदस्यहरू र कामदारहरको बीचमा विकास गर्ने र प्रकाशित गर्ने।

**४. एकिकृत रणनीतिक योजना सञ्चालन गर्ने (Operate integrate strategic planning)**

प्रमुख जोखिम अधिकृतले संगठनको सम्पूर्ण रणनीतिक योजना बीचमा एकिकृत जोखिम व्यवस्थापन कार्यक्रमहरू सञ्चालन गर्ने।

५. सञ्चालन जोखिमको असर कम गर्ने (Reduce the effect of operational risk)

कामदारहरू बाट अथवा प्रणाली असफल भएको कारणले हुने सम्भावित सञ्चालन जोखिम जसले व्यवसायको प्रक्रिया अवरूद्ध पार्ने गर्दछ त्यस्तो जोखिमको असर घटाउने।

६. बजेटको व्यवस्था गर्ने (Manage Budget)

प्रमुख जोखिम अधिकृतको अर्को महत्वपूर्ण भूमिका भनेको संगठनका जोखिम व्यवस्थापन कार्यक्रमको लागि आवश्यक पर्ने वित्तीय व्यवस्थापन र बजेटको बारेमा दीर्घकालीन व्यवस्था गर्नु हो।

## एकिकृत जोखिम व्यवस्थापन कार्यक्रम (Integrated Risk Management Program)

एकिकृत जोखिम व्यवस्थापन कार्यक्रम जोखिम व्यवस्थापनको एउटा नयाँ आयाम हो जसले संगठनको जोखिमलाई उचित र दीर्घकालिन तरीकाले व्यवस्थापन गर्नको जोखिम व्यवस्थापनका सम्पूर्ण गतिविधिहरूलाई एकिकृत तरीकाले सञ्चालन गर्दछ। यो संगठनको एउटा अभ्यासहरू र प्रक्रियाहरूको संयोजन हो जसले जोखिम व्यवस्थापन सम्बन्धी निर्णय गर्नको लागि जोखिमको सचेतना, जोखिम व्यवस्थापनको प्रविधि आदिको एकिकृत रूपमा विश्लेषण गर्दछ।

Integrated riks management program is a set of practices and processes supported by a risk-aware culture and enabling technologies that improve decision making and performance through an integrated view of how well an organization manages its unique sets of risks अर्थात संगठनको एकिकृत जोखिम व्यवस्थापन उद्यम जोखिम व्यवस्थापनको समग्र (Holistic) अवधारणा हो। यसले एउटा संगठनमा आउन सक्ने सम्पूर्ण जोखिमहरू लाई व्यवस्थापन गर्नको लागि एकिकृत रणनीति तयार पारेको हुन्छ। एकिकृत जोखिम व्यवस्थापनका निम्न फाईदाहरू छन :

क) अवसरहरूमा वृद्धि (Increase the range of opportunities)

जोखिमको सम्पूर्ण सकारात्मक र नकारात्मक पक्षहरूलाई केलाएर व्यवस्थापनले तत्काल उपलब्ध भएको अवसरहरूबाट नयाँ अवसरहरूको चुनौति तथा अवसरहरू पत्ता लगाउन सकिन्छ। एकिकृत जोखिम व्यवस्थापनले कुनै पनि निर्णय हतारमा गर्नु भन्दा केही समय लगाएर हामीले के त्रुटी गरेका छौ हामीले के कुरा बिर्सियौं भन्ने जस्ता कुराहरू सोचेर लिने कुरामा जोड दिन्छ जसको कारणले व्यवसायको अवसरहरूमा वृद्धि हुन्छ।



ख) निकायगत जोखिमको पहिचान र व्यवस्थापन गर्ने (Identify and manage risk entity-wide)

जोखिमले संगठनको विभिन्न भागहरूमा असर पार्न सक्छ। कहिलेकाही जोखिम संगठनको एउटा भागमा हुन्छ भने त्यसको असर अर्को भागमा देखा पर्दछ। त्यसकारण एकिकृत जोखिम व्यवस्थापनले संगठनको विभिन्न निकायका आउन सक्ने सम्भाावित जोखिमहरूलाई पहिचान गरेर उचित तरीकाले व्यवस्थापन गर्ने कुरामा जोड दिन्छ।

ग) नकारात्मक असरलाई कम गरी नाफा वृद्धि गर्ने (Reduce negative effects and increase gains)

एकिकृत जोखिम व्यवस्थापन कार्यक्रमले संगठनको जोखिम पहिचान गर्ने, जोखिको उचित प्रतिक्रिया दिने, जोखिमबाट उत्पन्न हुने नोक्सानीलाई घटाउने र नाफा बढाउने जस्ता क्रियाकलाप गर्ने क्षमताको विकास गर्दछ। एकिकृत जोखिम व्यवस्थापन कार्यक्रमले उच्च तहमा छलफल गरेर जोखिमबाट आउने विभिन्न किसिमका नकारात्मक असरहरूलाई कम गर्न सहयोग पुर्‍याउँदछ।

घ) सम्पादन परिवर्तनशीलतालाई घटाउन (Reduce performance variability)

एकिकृत जोखिम व्यवस्थापन कार्यक्रमले संगठनको कार्य सम्पादनमा अपेक्षा गरिएको परिणाम भन्दा वास्तविक कार्य सम्पादनमा पाउने परिवर्तनशीलतालाई कम गर्ने प्रयास गर्दछ। यदि वास्तविक कार्य सम्पादन राम्रोसँग भएको छैन भने त्यसको कारणहरू पत्ता लगाई सुधारका उपायहरू अबलम्बन गर्दछ।

ङ) स्रोतहरूको प्रयोगमा सुधार गर्ने (Improve resource deployment)

एकिकृत जोखिम व्यवस्थापन कार्यक्रमले संगठनमा भएका सम्पूर्ण साधन स्रोतहरूको बारेमा पूर्ण जानकारी लिएर संगठनलाई आवश्यक पर्ने साधन स्रोतहरूको अनुमान गर्ने तथा उपलब्ध साधन स्रोतहरू प्रभावकारी ढंगले प्रयोग गर्ने गर्दछ। यसरी एकिकृत जोखिम व्यवस्थापन कार्यक्रमले थोरै साधन स्रोतहरू प्रयोग गरी बढी भन्दा बढी जोखिम व्यवस्थापन गर्ने कुरामा जोड दिन्छ।

## कोष जोखिम व्यवस्थापन (Treasury Risk Management)

कोषको जोखिम भन्नाले संगठनको वित्तीय कार्यसम्पादनको स्थायित्वलाई सकारात्मक वा नकारात्मक रूपले असर पर्ने कुनै पनि अनिश्चितताको जोखिमलाई जनाउँदछ भने त्यस्ता किसिमको जोखिमको असरहरूबाट बच्नको लागि वा असरहरूलाई न्यूनीकरण गर्नको लागि गरिने सम्पूर्ण क्रियाकलापहरूलाई कोषको जोखिम व्यवस्थापन भनिन्छ। कोषको जोखिम सामान्यतया निम्न चार प्रकारका हुने गर्दछन् :

१) **विदेशी मुद्राको जोखिम (Foreign Currency Risk)**

बहुराष्ट्रिय कम्पनीहरूले वस्तु तथा सेवाको खरिद बिक्री विभिन्न देशको मुद्रामा विभिन्न देशमा गर्नु पर्दछ। यसरी विदेशी मुद्रामा वस्तु तथा सेवाको खरिद विक्री गर्दा विदेशी विनिमय दर परिवर्तन भएको कारणले गर्दा बहुराष्ट्रिय कम्पनीहरूले ठुलो नोक्सानीको सामना गर्नु पर्दछ। विदेशी विनिमय दरको जोखिम वास्तविक विदेशी मुद्रामा कारोवारहरू जस्तै खरीद बिक्री, लाभांश भुक्तानी, ऋणहरू, पूँजी लगानी, र विदेशी मुद्राको वास्तविक हस्तान्तरण गर्दा उत्पन्न हुन्छ।

२) **ब्याजदर जोखिम (Interest Rate Risk)**

व्याजदर जोखिम संगठनले व्याजदरमा आएको परिवर्तनको कारणले गर्दा व्यहोर्नु पर्ने अर्को प्रकारको कोष जोखिम (Treasury Risk) हो। यस प्रकारको जोखिम संगठनले आफूले ऋण लिदा वा अन्य व्यक्ति वा कम्पनीहरूलाई ऋण दिदा उत्पन्न हुने गर्दछ। यदि कुनै कम्पनीले ठुलो मात्रामा परिवर्तनशील ब्याज दर भएको ऋण लिएको छ भने ब्याजदरमा आएको सानो परिवर्तनले पनि संगठनले तिर्नु पर्ने ब्याज खर्चलाई ठुलो प्रभाव पारेको हुन्छ।

३. **वस्तु जोखिम (Commodity Risk)**

वस्तुको मूल्यमा आएको उतारचढावले उत्पन्न हुने जोखिमलाई वस्तु जोखिम भनिन्छ। यस्तो प्रकारको जोखिम तेल, धातुहरू, उखु, कृषि आदि जस्ता वस्तुको मूख्य उपभोक्ता तथा उत्पादकहरूले मौसममा आएको परिवर्तन, राजनीतिक परिवर्तन, कर सम्बन्धी नियमको परिवर्तन, र बजारको प्रभावको कारणले गर्दा उक्त वस्तुको मूल्यमा परिवर्तन हुने भएकोले व्यहोनु पर्दछ।

४. **समकक्षी जोखिम (Counterparty Risk)**

समकक्षी (Counterparty) भन्नाले त्यस्तो अर्को पक्ष हो जसले वित्तीय कारोवारमा संलग्न हुन्छ र उक्त पक्षले कारोवार गरेर मात्र उक्त कारोवार सम्पन्न हुन्छ। जस्तो कुनै प्रत्येक सम्पत्तिको खरीदकर्ताको कार्य त्यतिवेला मात्र सम्पन्न हुन्छ जति बेला उक्त सम्पत्ति बिक्रेताले बिक्री गर्दछ र त्यसै गरी बिक्रेताको सम्पत्ति बिक्री गर्ने कार्य त्यति बेला सम्पन्न हुन्छ जतिबेला खरीदकर्ताले उक्त सम्पत्ति खरिद गर्दछ। उदाहरणको लागि Option खरीदकर्ताको समकक्षी Option writer हुन्छ। समकक्षी (Counterparty) जोखिम भन्नाले कुनै समकक्षीले सम्झौतामा उल्लेख भए अनुसारको आफ्नो दायित्त्व पूरा गर्न नसकेको कारणले गर्दा उत्पन्न हुने जोखिमलाई जनाउँदछ।



## मुद्रा बजार (Money Market)

उच्च तरलता र अल्पकालिन परिपक्व अवधि भएका वित्तीय उपकरणहरू (Financial instrutements) कारोवार हुने बजारलाई मुद्रा बजार भनिन्छ। अल्पकालिन समयको लागि ऋण लिने ऋणी र लगानी गर्ने लगानीकर्ताको लागि मुद्रा बजार एक दिन देखि एकवर्ष भन्दा कम परिपक्व अवधि भएका प्रतिभूतिहरू कारोवार हुने एउटा माध्यम हो।

मुद्रा बजारमा सामान्यतया Negotiable certificates of deposit (CDs), Bankers acceptances, Treasury bills, Commercial paper, Municipal notes, आदि Instruments खरिद बिक्री हुन्छ। मुद्रा बजारमा कारोवार हुने प्रतिभूतिहरू सरकारले, वित्तीय संस्थाहरूले र ठुलो संठगठनहरूले जारी गरेका हुन्छन। यस प्रकारको प्रतिभूतिहरू अत्यन्तै तरल हुनुको साथै अत्यन्तै सुरक्षित पनि हुन्छन्। यस प्रकारको प्रतिभूतिहरू अति नै परम्परागत प्रतिभूति भएकोले तिनीहरूले तुलनात्मक रूपमा अन्य प्रतिभूतिहरूभन्दा अलि कम प्रतिफल प्रदान गर्ने गर्दछन्।

## Volatility Trading

Volatility Trading अन्य प्रकारको सबै कारोवारहरू भन्दा फरक किसिमको कारोवार हो जसमा कुनै बजार आफैको नभई अन्य बजारको व्युत्पत्तिलाई प्रतिनिधित्व गर्दछ। Volatility trading is quite unlike most forms of trading, with the market representing a derivative of another market, rather than a market itself. Volatility Trading भन्नाले कुनै पनि सम्पत्तिको मूल्यमा आएको अस्थिरताको कारोवार नभई अन्तरनिहित उपकरण (Underlying instrument) को मूल्यमा आएको अस्थिरताको कारोवारलाई जनाउँदछ। Volatility trading is the term used to describe trading the volatility of the price of an underlying instrument rather than the price itself. उदाहरणका लागि कुनै व्यक्तिले शेयरको Index को कारोवार गर्न सक्छ तर Volatility Trading ले भविष्यमा आउने Index को अपेक्षित अस्थिरताको कारोवारलाई जनाउँदछ। सामान्यतया कुनै Instrument को मूल्यमा परिर्वतन हुनुले मूल्य अस्थिरतालाई जनाउँदछ भने Volatility Trading ले Instrument को भविष्यमा अपेक्षा गरिएको अस्थिरताको (Expected future volatility of the instrument) खरीद बिक्रीलाई जदाउँदछ। सामान्यतया Volatility को कारोवार Option माध्यमबाट हुन्छ। Option को मूल्य विभिन्न तत्त्वहरूले असर पारेको हुन्छ तर मूल्य निर्धारण गर्ने मूख्य आधार भनेको अन्तरनिहित उपकरण (Underlying instrument) को भविष्यमा अपेक्षा गरिएको अस्थिरता (Expected future volatility) हो।

## Capital Adequacy

संगठनको वित्तीय सक्षमता र स्थायित्व मापन गर्न प्रयोग गरिने एउटा वित्तीय संगठनको प्रमुख पूँजी र सम्पत्ति (ऋण र लगानी) को अनुपातलाई पूँजीको पर्याप्तता भनिन्छ। The percentage ratio of financial institution's primary capital to its assets (loans and investments), use as measure of its financial strength and stability is capital adequacy.

यो अनुपातले बैंकको बचतकर्ताहरूलाई उनीहरूले मागेको समयमा बचत वापतको रकम भुक्तानी गरेर पनि बैंकसँग अझै अन्य ठाउँमा लगानी गरेर बैंकको सम्पत्ति बढाउनको लागि प्रर्याप्त कोष कोष भएको सुनिश्चिततालाई जनाउँदछ। सामान्यतया बैंकहरूले पूँजी पर्याप्तता अनुपातलाई वित्तीय विवरणमा प्रस्तुत गरेको हुन्छन। यसलाई साधारण शेयर पूँजीलाई सम्पत्तिको प्रतिशतको रूपमा देखाइएको हुन्छ। नियमनकारी निकायले बैंकको जोखिम मापन गर्नका लागि जोखिम व्यवस्थापनको अन्य कठिन तथा अत्याधुनिक नमूनाको तुलनामा सजिलैसँग पूँजी पर्याप्तता अनुपातलाई प्रयोग गर्न सक्छ।

## तरलता व्यवस्थापन (Liquidity Management)

तरलता भन्नाले संगठनले विभिन्न किसिमका सम्पत्तिहरू जस्तै शेयर, वोण्ड आदिलाई वर्तमान मूल्यमा कारोवार गर्ने क्षमतालाई जनाउँदछ भने विभिन्न किसिमको ठुलो वित्तीय संस्थाहरूले कुनै पनि नोक्सानी बिना नगद र धितो राख्ने दायित्व (Cash and collateral obligations) पूरा गर्ने क्षमतालाई जनाउँदछ। त्यसैगरी तरलता व्यवस्थापनले लगानीकर्ता अथवा व्यवस्थापकहरू ले तरलता सम्बन्धी जोखिमको कारण गर्दा हुन सक्ने नोकसानीलाई व्यवस्थापन गर्नका लागि गर्ने प्रयासलाई जनाउँदछ। अल्पकालीन लगानी, ऋण, सामान र सेवाहरूको लागि संगठनमा पर्याप्त मात्रामा नगद उपलब्ध गराउनु नै तरलता व्यवस्थापन हो। Liquidity Management is the basic concept of the access to readily available cash in order to fund short-term investments, cover debts, and pay for goods and services. लगानीकर्ताहरू, साहुहरू, र व्यवस्थापकहरू सबैले संगठनको वित्तीय प्रतिवेदनहरूबाट तरलता व्यवस्थापन अनुपातहरूलाई मूल्यांकन गरेर तरतला जोखिम मापन गर्दछन्। यसको लागि सामान्यतया तरल सम्पत्तिहरू र अल्पकालिन दायित्वहरू तुलना गरिन्छ। अर्थात तरलता जोखिम व्यवस्थापन गर्नको लागि व्यवस्थापकहरूले संगठनको नियमित रूपले तरलता अनुपात (Liquidity Ratio) को अनुगमन गर्ने गर्दछन।

संगठन आफैले बचतकर्ताहरू र साहुहरूसँग भएको सम्झौता अनुसारको अल्पकालिन नगद दायित्वहरू, अथवा नगद बराबरको दायित्वहरू पुरा गर्न आफै सक्षम हुन सक्छ अथवा



संगठन आफैले बचतकर्ताहरू र साहुहरूसँग भएको सम्झौताअनुसारको अल्पकालीन नगद दायित्वहरू, अथवा नगद बराबरको दायित्वहरू पूरा गर्न आफै सक्षम हुँदैन र फलस्वरूप उक्त दायित्वहरू भुक्तानी गर्न केही अचल सम्पत्तिहरू पनि बास्तविक मूल्यभन्दा कम मूल्यमा बिक्री गर्नु पर्ने अवस्था आउन सक्छ। तरलता जोखिम व्यवस्थापनले यस्तो अवस्था अर्थात संगठनले अल्पकालिन दायित्व पूरा गर्न नसकेको कारणले गर्दा अचल सम्पत्तिहरू पनि बास्तविक मूल्यभन्दा कम मूल्यमा बिक्री गर्नु पर्ने अवस्था आउन दिदैन।

जसको वित्तीय प्रभावकारिता (Financial Leverage) उच्च छ त्यस्ता कम्पनीहरूले ऋणको दायित्व र नगदको विचमा तालमेल ल्याउन सक्नु पर्दछ। सबै कम्पनीहरू तथा सरकारहरू जसको ऋण दायित्व छ उनीहरूले तरलता जोखिमको सामाना गर्नु पर्दछ तर बैंकहरूको तरलता भने जाँच्ने (Srutinized) गरिन्छ। यस्ता संगठनहरू यस्ता संगठनहरू आर्थिक रूपले ज्यादै नै महत्वपूर्ण हुने भएकोले तरलताको व्यवस्थापनको सन्दर्भमा ठुलो नियमहरूको पालना गर्नुको साथै विभिन्न तरलताको विभिन्न किसिमका जाँचहरू पनि गर्नु पर्दछ।

तरलता व्यवस्थापन गर्नका लागि सामान्यतया संगठनको कार्यशील पूँजीको व्यवस्थापन गर्नु पर्दछ। कार्यशील पूँजी सम्बन्धी र अल्पकालिन वित्तिय निर्णय गर्नुलाई कार्यशील पूँजी व्यवस्थापन भनिन्छ। अल्पकालीन वित्तिय व्यवस्थापनमा चल सम्पत्ति र अल्पकालीन दायित्वसँग सम्वन्धित निर्णयहरू गरिन्छ। कार्यशील पूँजी व्यवस्थापनले फर्मको सामाग्रीको मौज्दातको व्यवस्थापन, प्राप्य विलहरूको व्यवस्थापन, भुक्तानी गर्नुपर्ने विलहरूको व्यवस्थापन र नगदको व्यवस्थापनलाई जनाउँदछ। नगद व्यवस्थापनले कसरी न्यूनतम नगद रकम राखी अधिकतम सदुपयोग गर्न सकिन्छ भन्ने कुरालाई जनाउँदछ। नगद व्यवस्थापनले फर्मले राख्नुपर्ने न्यूनतम नगद मौज्दात निर्धारण गर्ने, नगद व्यवस्थापनको योजना बनाउने, नगद संकलनलाई प्रभावकारी बनाउने तथा नगद भुक्तानीलाई सकेसम्म ढिलाई गर्ने आदिको बारेमा व्यवस्थापन गर्दछ।

त्यसैगरी प्राप्य विल व्यवस्थापनले फर्मले उधारोमा सामानहरू विक्री गरे वापत लाग्ने विभिन्न किसिमको खर्चलाई नियन्त्रण गरेर फर्मको नाफा बढाउनका लागि कति मात्रामा उधारोमा सामान बिक्री गर्नु उपयुक्त हुन्छ भन्ने कुरा स्पष्ट पार्दछ र मौज्दात व्यवस्थापनले फर्मले कति मौज्दात राख्यो भने नियमित रूपले आफ्ना ग्राहकहरूलाई सामान पनि बिक्री गर्न सक्छ र मौज्दातको लागत पनि सकेसम्म कम गर्न सकिन्छ र मौज्दात नियन्त्रण कसरी गर्न सक्छ भन्ने व्यवस्थापन गर्दछ। यसरी तरलता व्यवस्थापन गरी तरलता जोखिम व्यवस्थापन गर्नका लागि संगठनले नियमित रूपले तरलता अनुपात (Liquidity Ratio) को अनुगमन गर्नुको साथै कार्यशील पूँजीको व्यवस्थापन जसमा सामाग्रीको मौज्दातको व्यवस्थापन, प्राप्य

विलहरूको व्यवस्थापन, भुक्तानी गर्नुपर्ने विलहरूको व्यवस्थापन र नगदको व्यवस्थापनलाई उचित तरीकाले गर्नु पर्दछ।

## कोष जोखिम व्यवस्थापन गर्ने औजारहरू

## (Tools for Treasury Risk Management)

कोष जोखिम व्यवस्थापन गर्नका लागि निम्न वित्तीय उपकरणहरू प्रयोग गरिन्छ :

**Tools for Treasury Risk Management**

- Currency Futures
- Financial Future
- Commodity Futures
- Real Option
- Weather Derivatives

### Currency Futures

Currency futures हस्तान्तरण योग्य भावी करार हो जसमा भविष्यमा तोकिएको मितिमा तोकिएको मूल्यमा मुद्रा खरीद वा बिक्री गर्न सकिन्छ । Currency futures are a transferable futures contract that specifies the price at which a currency can be bought or sold at a future date.

यो एउटा कानुनी रूपले मान्य हुने करार हो जसमा सम्बन्धी पक्षहरूले परिपक्व अवधिमा अनिवार्य रूपले तोकिएको मूल्यमा तोकिएको मुद्राको कारोवार गर्नु पर्दछ । यसले लगानी कर्तालाई विदेशी विनिमय जोखिमलाई कम गर्न मद्दत गर्दछ । Currency futures को मूल्य सम्झौतामा हस्ताक्षर हुने समयमा निर्धारण गरिन्छ र मुद्रा भुक्तानी गर्ने मितिमा विनिमय गरिन्छ जुन मिति सामान्यतया केही समय पछि हुन्छ।

## Financial Future

तोकिएको वित्तीय उपकरण जस्तै Treasurt bills, Certificate of deposit, अथवा विदेशी मुद्राहरू भविष्यमा तोकिएको मितिमा र तोकिएको मूल्यमा खरिद बिक्री गर्ने सम्झौतालाई Financial Future भनिन्छ। अर्थात Financial Future मा सम्झौता गर्ने व्यक्तिहरूले अन्तरनिहित वित्तीय वस्तु (Underlying financial product) को तोकिएको समयमा तोकिएको मूल्यमा कारोवार गर्ने सहमति गरेको हुन्छन्।

In a financial future, the counterparties agree to trade the underlying financial product at a certain time for a certain price. अर्को शब्दमा भावी करारलाई वित्तीय वस्तु जस्तै Stock index, Treasury notes र Currency आदिसँग जोडेमा उक्त भावी करार Financial Future हुन जान्छ। यस प्रकारको सम्झौताको बजार मूल्य सामान्यतया व्याज दरको विपरित हुने गर्दछ।



## Commodity Futures

Commodities futures कच्चा पदार्थहरू भविष्यमा तोकिएको मितिमा तोकिएको मूल्यमा खरिद विक्री गर्ने सम्झौता हो । Commodities futures are agreements to buy or sell a raw material at a specific date in the future at a particular price. cyf{t Commodities futures मा भविष्यमा पूर्वनिर्धारित परिणममा कुनै वस्तु तोकिएको मूल्यमा र तोकिएको मितिमा खरीद विक्री गर्ने सम्झौता गरिएको हुन्छ। यस्तो सम्झौतामा खरीद कर्ताले अन्तरनिहित वस्तु (Underlying product) वा कच्चा पदार्थको मूल्यमा आएको उतार चढावको कारणले गर्दा हुने जोखिमलाई हटाउनको लागि प्रयोग गर्दछन् भने बिक्रेताले तोकिएको मूल्यमा भविष्यमा वस्तु बिक्री गर्ने सुनिश्चताको लागि प्रयोग गर्दछन्।

स्टोरमा फलफूलको साथ साथै अन्य वस्तुहरू, कच्चा पदार्थहरू मूल्य पनि साप्ताहिक वा दैनिक आधारमा परिवर्तन हुन्छ। त्यसकारण Commodities futures मा खाद्य पदार्थहरू जस्तै मासु, गहु, उखु आदिको कारोवार हुन्छ। त्यसै Commodities futures गरी उर्जा सम्बन्धी वस्तुहरू जस्तै तेल, पेट्रोल तथा सुन चाँदी र तामा जस्ता खनिज पदार्थहरूको पनि कारोवार हुन्छ।

## Real Option

व्यवसायले वित्तीय सम्पत्तिहरू मा नभई भौतिक सम्पत्तिहरू (Tangible Assets) लगानी गर्ने अवसरहरू छनौट गर्ने उपलब्धतालाई Real Option भनिन्छ। कम्पनीको व्यवस्थापनले परिवर्तित अर्थतन्त्र, प्रविधि वा बजारको अवस्था अनुसार परियोजनाको विस्तार गर्ने, परिवर्तन गर्ने अथवा कटौति गर्ने कार्यको छनोट गर्नु नै Real Option हो। Real Option ले कुनै वित्तीय व्युत्पत्ति उपकरणलाई जनाउँदैन तर यसले संगठनले फाइदा सक्ने वास्तविक रूपले गर्ने छनौटहरू वा अवसरहरूलाई जनाउँदछ। उदाहरणका लागि कुनै नयाँ उत्पादन सुविधाले कम्पनीलाई बजार अवस्थामा पविर्तन ल्याउनको लागि नया वस्तुहरू उत्पादन गर्ने, सञ्चालन प्रक्रियाहरूलाई बलियो पार्ने वा अन्य कुनै समायोजनहरू गर्ने Real Option प्रदान गर्दछ। यसरी कम्पनीले नयाँ सुविधामा लगानी गर्ने निर्णय गर्दा उक्त नयाँ सुविधाले प्रदान Real Option को मूल्यलाई ध्यान दिनुपर्दछ। Real Option को अर्को उदाहरण समायोजन र विलय (Mergers and acquisitions) वा संयुक्त उद्यम (Joint ventures) हो। समायोजन र विलय (Mergers and acquisitions) छुट्टा छुट्टै तरीकाले सञ्चालन भएका दुई वा दुई भन्दा बढी कम्पनीहरू एक आपसमा गाभिएर एउटै नामले सञ्चालन हुने गर्दछन् भने संयुक्त उद्यम (Joint ventures) मा कुनै निश्चित काम गर्नको लागि दुई वा दुई भन्दा बढी कम्पनीहरूले आफ्नो साधन स्रोतहरूलाई संयुक्त रूपमा परिचालन गर्ने गर्दछन। यसरी

कम्पनीले समायोजन र विलय (Mergers and acquisitions) गरेर एकिकृत रूपमा कारोवार गर्दा वा संयुक्त उद्यम (Joint ventures) बाट साधन स्रोतहरू एकिकृत गरेर कार्य गर्दा वास्तविक फाइदा अथवा Real Option को मूल्यलाई कति हुन्छ विचार गर्नु पर्दछ।

## Weather Derivatives

संगठन वा व्यक्तिले प्रतिकूल अथवा अनपेक्षित मौसमी अवस्थाबाट आउने जोखिमलाई कम गर्नको लागि प्रयोग गरिने वित्तीय औजार (Financial instruments) Weather derivatives लाई भनिन्छ । Weather derivatives are financial instruments that can be used by organizations or individuals as part of a risk management strategy to reduce risk associated with adverse or unexpected weather conditions.

भनिन्छ। यसमा अन्य व्युत्पत्तिमा जस्तो अन्तरनिहित सम्पत्ति (Underlying assets) को मा प्रत्यक्ष प्रभाव हुँदैन व्युत्पत्तिको मूल्यमा हुँदैन । अत्याधुनिक, प्रविधिमा आधारित अहिलेको समाजमा पनि मौसमको कृपा (Mercy) अझै पनि अत्यन्तै महत्त्वपूर्ण छ । मौसमले हामीहरूको दैनिक जीवन प्रभाव पार्नुको साथै संगठनको प्राप्ति र आम्दानी पनि भारी प्रभाव पारेको छ । यस्तो मौसमको प्रभावलाई कम गर्नको लागि Weather derivatives को विकास भएको छ।

Weather derivatives एक विशेष प्रकारको व्युत्पत्ति करार हो जसमा प्रतिकूल मौसमको कारणले व्यवसायको आम्दानीको प्रवाहलाई प्रभाव पारेमा भुक्तानी दिने तोकिएको हुन्छ । Weather derivatives are a special type of derivative contract that specify payouts in the event that certain weather conditions adversely affect the revenue streams of a business.

Weather derivatives मा व्यवसायले मौसमको जोखिम बहन गर्न सम्झौता गर्ने पक्षलाई जोखिम बहन गरेबापत् निश्चित शूल्क (Premium) भुक्तानी गर्नुपर्दछ । Weather derivatives को अन्तरनिहित सम्पत्ति (Underlying assets) मौसमको सुचकांक (Index) हो जसबाट शूल्क (Premium) र भुक्तानी गर्नुपर्ने रकम निर्धारण गरिन्छ।

परम्परागत बीमा Weather derivatives भन्दा आधारभूत तरीकाले फरक छ । सामान्यतया दुबै शुल्क (Premium) तिरेर जोखिम हस्तान्तरण गर्ने उपायहरू भए तापनि Weather derivatives मौसममा आएको उतार चढावको कारणले उच्च लाभदायकता को साथै कम जोखिम को पूर्वानुमान गरेको हुन्छ र एक मात्र (Singular) जोखिमलाई वहन गर्दछ भने परम्परागत बीमाले कम लाभदायकता र उच्च जोखिमको पूर्वानुमान गर्ने भएकोले व्यापक (Comprehensive) जोखिमको बहन गर्दछ । Weather derivatives मा



शूल्क (Premium) अन्तरनिहित सम्पत्ति (Underlying assets) बजार मूल्यको आधारमा निर्धारण गरिन्छ भने बीमा शुल्क घटना घटेर नोक्सानी हुन सक्ने सम्भावनाको आधारमा निधारण गरिन्छ । त्यसै गरी Weather derivatives मा नोक्सानीको भुक्तानी दाबी गर्ने प्रक्रिया बीमाको तुलनामा ज्यादै सरल र छरितो हुन्छ।

## Very Short Questions

1. Write the importance of operational risk management.
2. What are the sources of financial risk?
3. What do you mean by derivatives?
4. Write the meaning of capital adequacy.
5. Write the meaning of Swap. What are its types?

## Short Questions

6. Define operational risk management. What are the sources of operational risk? Explain
7. Explain the process of operational risk management.
8. Explain the importance of financial risk management.
9. Write the differences between Forward and Future Contract.
10. Define option. Explain the types of option.
11. What do you mean by integrated risk management program? Mention its advantages.
12. Define Treasury risk management. What are the types of treasury risk?
13. Describe liquidity management.
14. Write short notes on:
    a) Future contract  b) Forward contract
    c) Swap  d) Money Market

## Long Questions

15. Define financial risk management. Mention the process of financial risk management.
16. Explain the tools for managing financial risk.
17. Define treasury risk management. Explain the tools for treasury risk management.

8
# अध्याय

## पदको परिचय (Introduction of Disaster)

### विपदको परिभाषा (Definition of Disaster)

विपद भनेको कुनै कारणले तुलनात्मक रूपले छोटो समयमा समुदाय वा समाजमा हुने मानवीय, भौतिक आर्थिक वा वातावरणीय हानि नोक्सानी र गम्भीर क्षतिलाई जनाउँदछ। सामान्यतया विपद भएको अवस्थामा प्रभावित समुदायले आफ्नो साधन र स्रोतहरू प्रयोग गरेर विपदको असर कम गर्न सक्दैनन्। A disaster is a serious disruption occurring over a relatively short time of the functioning of a community or a society involving widespread human, material, economic or environmental loss and impacts, which exceeds the ability of the affected community or society to cope using its own resources अर्थात विपद भन्नाले अचानक संकटपूर्ण घटना घट्नु हो जसबाट ठूलो क्षति नोक्सानीका साथै जीवन र सम्पत्तिको सर्वनास र बर्बादी हुने गर्दछ।

विपदबाट हुने क्षति मापन योग्य हुँदैन र क्षति भौगोलिक अवस्था, मौसम र पृथ्वीको सतहको विविधताअनुसार फरक पर्दछ यसका असरहरू मानसिक, सामाजिक, आर्थिक, राजनैतिक र परम्परागत क्षेत्रमा पर्ने गर्दछ। सामान्यतया विपद अनुपयुक्त तरिकाले जोखिम व्यवस्थापन गरेको हुनाले त्यसको परिणाम हो।